# नौकुण्ड गाउँपालिका
## सरमथली, रसुवा
## बागमती प्रदेश, नेपाल




**प्रतिवेदन**

**आ.व. २०७६/२०७७ को वार्षिक समिक्षा,अर्धवार्षिक समिक्षा २०७७/२०७८ तथा सार्वजनिक सुनुवाई कार्यक्रम**

**"शिक्षा, स्वास्थ्य, कृषिमा गुणस्तर - दिगो पूर्वाधार, युवालाई रोजगार"**

**पृष्ठभूमि :**

गाउँको विकासमा नागरिकहरुको प्रत्यक्ष सहभागिता होस् नागरिकहरुकै घर दैलोमा सरकारको अनुभूति होस् भन्ने उद्धेश्यले संघीय शासन ब्यवस्था लागु गरिए संगै त्यसको परिणाम स्वरुप यस गाउँपालिकाको गठन भई विगतका वर्षहरु देखिनै कार्य प्रारम्भ हुदै आएको भएता पनि यस आर्थिक वर्ष देखि नौकुण्ड गाउँपालिकाले वार्षिक समिक्षा,अर्धवार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरि समुदायका जनचाहना,स्थानिय नागरिकहरुको गुनासाहरु, गाउँपालिकालाई थप जिम्मेवारी तथा उत्तरदायि का साथै पारदर्शिताको अवधारणालाई थप परिपक्क बनाउनको लागि नौकुण्ड गाउँपालिकाले वार्षिक, अर्धवार्षिक तथा सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ।

वागमती प्रदेशको रसुवा जिल्ला अर्न्तगत रहेको नौकुण्ड गाउँपालिका १२६.९९ वर्ग कि.मी. मा अवस्थित नौकुण्ड गाउँपालिका मनोरम धरातलीय भू-बनोट, उच्च भू-भाग, खोला नाला, केही समथल टार,धार्मिक स्थलहरु, बिछट्ट हावापानीको बिशेषताले भरिपूर्ण रहेको छ। त्यसैले यस्को पर्यटकिय र कृषिको प्रचुर सम्भावनाहरु रहेको छ।

मिति २०७७ माघ १० गते शनिवार नौकुण्ड गाउँपालिका गाउकार्यपालिकाको नयाँ प्रशासनिक भवन,पारच्याङमा आ.व. २०७६/२०७७ को वार्षिक समिक्षा,अर्धवार्षिक समिक्षा २०७७/२०७८ तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको उद्घाटन वागमती प्रदेश सभा सदस्य माननीय प्रभात लामा ज्यूले गर्नु भएको थियो भने कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्ष श्री नुर्वु स्याङवो घले ज्यूले गर्नु भएको थियो। स्वागत मन्तब्य गाउँपालिका उपाध्यक्ष श्री सिर्जना लामाज्यूले गर्नु भएको थियो बिशेष अतिथिमा जिल्ला समन्वय समिति सदस्य श्री शारदा गुरुङ रहनु भएको थियो साथै नयाँ प्रमुख प्रशासकिय अधिकृत श्री नेत्र राज गिरी सहित ६ वटा वडाका वडाअध्यक्ष लगायत कार्यपालिकाका सदस्यहरु, वडा समितिका सदस्यहरुको सहभागिता रहेको थियो।

२०७६/२०७७ को वार्षिक समिक्षा,अर्धवार्षिक समिक्षा २०७७/२०७८ तथा सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिक समाजका प्रतिनिधिहरु,राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिहरु, नौकुण्ड गाउँपालिकामा कार्यरत बिभिन्न राष्ट्रिय गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, का साथै सुरक्षाकर्मि, पत्रकार महासंघ रसुवा जिल्ला शाखाका सचिव,रेडीयो रसुवा तथा रेडीयो लाङटाङ का पत्रकारहरु, समाजसेवी,बिद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु,बुद्धिजिवि लगायत समाजसेवी स्थानिय वासिन्दाहरुको उल्लेखनियरुपमा सहभागिता रहेको थियो।

वार्षिक समिक्षा कार्यक्रममा गाउँपालिकाले आ.व.२०७६/२०७७ मा गाउँपालिकाले सम्पन्न गरी समुदायलाई हस्तान्तरण गरेका कार्यक्रम,योजनाहरु तथा २०७७/२०७८मा चालु अवस्थामा रहेका योजनाहरुको,आ आफनो शाखागत रुपमा शाखा संयोजकहरुले प्रस्तुतिकरण गर्नु भएको थियो।

**उदेश्य :**

वार्षिक समिक्षा,अर्धवार्षिक तथा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरि समुदायका जनचाहना,स्थानिय नागरिकहरुको गुनासाहरु, गाउँपालिकालाई थप जिम्मेवारी तथा उत्तरदायि का साथै स्थानिय जनताहरुप्रति जवाफदेहि बनाउने ।

**कार्यक्रम संचालन विधि : औपचारीक कार्यक्रम**

- सभाध्यक्ष : नौकुण्ड गाउपालिका अध्यक्ष श्री नुर्वु स्याङवो घले
- प्रमुख अतिथि : वागमती प्रदेश सभा सदस्य : माननीय प्रभात लामा
- जि.स.स. सदस्य : श्री शारदा गुरुगं ज्यू,
- ब्याज वितरण कार्यक्रम
- राष्ट्रिय गान
- मौन धारण १ मिनेट ज्ञात अज्ञात सहिदहरुको सम्मानमा ।
- कार्यक्रम उद्धाटन : प्रमुख अतिथि ज्यू बाट दिप प्रज्वलन तथा ब्यानर वाचन
- स्वागत मन्तब्य : उपाध्यक्ष : नौकुण्ड गा.पा. श्री सिर्जना लामा



कार्यक्रममा प्रमुख अतिथि एवं बागमति प्रदेस सभा सदस्य माननिय प्रभात तामाङले गरेको सार्वजनिक सुनुवाई कार्यक्रम अति नै महत्वपूर्ण रहेको बताउनु भयो । पालीका भित्रका योजनालाई के कसरी सम्पन्न गरिएको छ, कति बजेट खर्च भएको छ भन्ने विषयमा हरेक नागरीकले थाहा पाउनु अधिकारको कुरा भएकाले गाउँपालीकाले सार्वजनिक सुनुवाई कार्यक्रम गरेर जनताका गुनासा र जिज्ञासा मेटेकोमा शुभकामना व्यक्त गर्नु भयो । उहाँले नौकुन्डको विकासको लागि आफुहरु सधैव लागि परेको भन्दै आगामी दिनमा हरेक नागरीकले आफ्नो ठाउँबाट विकास निर्माणका कामलाई नियाल्नु पर्ने बताउनु भयो ।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष नुर्वु स्याङवो घलेले गाउँपालिकाले विकासका कामलाई तिव्रता दिईरहेको बताउनु भयो । स्थानिय तहको निर्वाचन भएको चार वर्ष पुगी सकेको भन्दै उहाँले आगामी दिनमा समेत धेरै काम गर्न बाकी रहेको बताउनु भयो । नागरीकका विभिन्न गुनासाहरुलाई सम्बोधन गर्दै अध्यक्ष नुर्वु स्याङवो घलेले कार्यक्रममा उठेका हरेक विषयमा आफुहरु छलफल गरेर अगाडी बढ्ने र ति समस्याहरुलाई समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । पछिल्लो समय गाउँपालिकाको भवन निर्माणको विषयमा निकै चर्चा गरेको भन्दै अध्यक्ष नुर्वु

स्याङवो घलेले आफुहरु पालिकाको भवन सहमतिको बनेको उल्लेख गर्नुभयो । उहाले गुरु योजना निर्माण सम्बन्धी छिट्टै कार्यपालिको बैठक बसेर तयार गरीने गाउँपालिका अध्यक्षको भनाई छ ।

नौकुन्ड गाउँपालीका कृषी क्षेत्र रहेको भन्दै कृषी क्षेत्रमा व्यवस्थित गर्न गाउँपालीकाले निती तयार पार्ने बताउनु भयो । गाउँपालीकाको समृद्धिका लागी प्रत्येक नागरिकले आफ्नो दायित्वलाई पनि आत्म साथ गर्नु पर्ने अधिकार खोज्दै गर्दा दायित्व पनि पुरा यथाशिघ्र एम्बुलेन्सको व्यवस्थापन गर्ने बताउनु भयो ।

कार्यक्रममा गाउँपालीका उप प्रमुख सिर्जना लामाले सार्वजनिक सुनुवाई कार्यक्रम पश्चात उठेका गुनासा प्रतिक्रिया र सुझावहरुलाई सम्बोधन पालिकाको योजना तथा कार्यक्रमहरुलाई चुस्त दुरुस्त रुपमा संचालन गर्नको लागि अनुगमन योजना निर्माण गरी कार्यान्वयन गर्ने, प्रतिवद्धता गरिएको थियो साथै लक्षित वर्गको लागि विनियोजन गरिएको रकम लक्षित वर्गमा नै खर्च गर्ने जानकारी दिनु भयो ।

सहभागी स्थानीय जनताले आगमी योजना तर्जुमाको लागि मोटरबाटो तथा सिचांईलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन् । सहभागीहरुले वडामा जति पनि भए गरेका विकास निर्माणका कार्यहरुले प्रत्यक्ष रुपमा परिवर्तनको अनुभूति दिएको बताउदै अझै केही समस्याहरुको समाधान नभएको गुनासो तथा सुझाव दिएका छन् । मनसुनको समयमा मोटरवाटोका कारण खेती किसान गर्ने कृषक, व्यवसायीहरुलाई ढुवानी सेवा तथा आम स्थानीय वडावासीले सकसको लामो पैदल यात्रा गर्नुपर्ने बाध्यता रहेकोले मनसुनको समयमा पनि नौकुन्डको बिभिन्न वडा देखी गाउँपालीका सम्मको पक्की पुल मोटरबाटो बनाईदिए केही राहत हुनेमा स्थानीय जनताले अपेक्षा राखेको प्रमुख प्रशासकिय अधिकृत नेत्र राजगिरीले जानकारी दिनु भयो ।




विषयगत शाखा प्रमुखहरुले आ आफनो शाखाको गर्त वर्षको प्रगति, अर्धवार्षिक प्रगतिका साथै केहि चुनौती सुधार गर्नुपर्ने पक्षहरुका वारेमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

कार्यक्रममा आर्थिक प्रतिवेदनमा योजनाप्रशासन तथा अनुगमन शाखा प्रमुख विष्णु कुमार अधिकारी,शिक्षा,स्वास्थ्य,कृषि,पशु,न्यायीक समिति,प्रधानमन्त्री रोजगार कार्यक्रम बिषयगत

शाखाप्रतिवेदन, आ.व. ०७६/०७७ मा भएका उपलब्धि तथा आ.व. ०७७/०७८ को अर्धवार्षिक ६ महिनामा भएका प्रगति विवरणहरु प्रस्तुती गरिएको थियो । जि.स.स. सदस्य शारदा गुरुगं ,ने.क.पा जिल्ला कमिटी सदस्य मेन्दो छिरिगं थोक्रा, नेपाली काग्रेसका रमेश रुम्वा,लगायत नागरीकका गुनासाहरु समेत सम्बोधन गर्दै आफ्ना भनाईहरु राखेका थिए ।

१. योजना तथा प्रशासन अनुगमन शाखा : शाखा प्रमुख श्री विष्णु कुमार अधिकारीले नेपाल संघीय प्रणालीमा प्रवेश गरेसंगै जनताको सबभन्दा नजिकको सरकार स्थानीय सरकार हो । जनआकांक्षा अनुरुपको विकासको चाहानालाई परिपुर्ति गर्ने गर्ने सन्दर्भमा सिमित स्रोत तथा साधनको बाबजुत यस गाउँपालिकाले सञ्चालन गरेको बिकास योजनाहरु परिलक्षित उद्देश्य अनुरुप रहेको छ। जनप्रतिनिधिहरुको दुरदृष्टी एवं कर्मचारीहरुको अथक कार्यान्वयन समर्पनले यस गाउँपालिका भित्र सञ्चालित योजनाहरु कोरोनाको माहामारी बीच पनि सफलता प्रमाणित भएको छ । उपभोक्ता समिति मार्फत सन्चालित जम्मा १२७ (पूर्वाधार बाहेक) योजनाहरु मध्य १२५ योजनाहरु सम्पन्न भएका छन जुन ९८ प्रतिशत हुन्छ ।



ठेक्का मार्फत सम्पन्न १० योजनाहरु सवै सम्पन्न भएका छन । समग्रमा यस गाउँपालिकाबाट सम्पन्न भएका योजनाहरुको प्रगती शतप्रतिशत रहेको छ ।

**बिकास योजनाहरुसंग सम्बन्धित सुधार गर्नुपर्ने पक्षहरु**

- योजना सम्झौता तोकिएको समयमा गरी कार्यसम्पन्न पनि समय सिमा भित्र गर्नुपर्ने,
- उपभोक्ता समितिको क्षमता बिकासको लागि कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- एक व्यक्ति एक आर्थिक वर्ष एक उपभोक्ता समिति कार्यन्वयन गर्नु पर्ने,
- उपभोक्ता समितिमा तोकिएको संख्यामा महिलाहरुको सार्थक सहभागिता हुनुपर्ने,
- सुचकहरुको प्रयोग गरि योजना अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने,
- बिकास योजनाहरुलाई सकेसम्म टुक्रा नगरी सिंगो बनाउनु पर्ने,
- गाउँबस्तीबाट योजनाहरु प्राथमिकिकरण गरि योजना बैंक बनाउनुपर्ने ।
- योजनाहरु उत्पादनउन्मुख (productive sector oriented) हुनुपर्ने साथै स्थानिय शासन संचालन ऐन २०७४ बमोजिम योजनाहरु छनौट गर्दा गरिवि न्यूनिकरण हुने, बेरोजगारी लाई सम्वोधन गर्ने, रोजगारी सिर्जना गर्नेगरी कार्यान्वयन गर्नुपर्ने ।
- स्थानिय श्रोत साधनको उपयोगितालाई बढाउनुपर्ने ।

- महिला, विपन्न तथा सिमान्तकृत समुदायलाई सम्वोधन गर्ने खालका योजनाहरु हुनुपर्ने ।
- लैगिक समानता तथा सामाजिक समावेशिकरणलाई मुल प्रवाहमा राखि योजनाहरु कार्यान्वयन हुनुपर्ने ।
- कोभिड १९ बाट प्रभावित समुदायहरुका लागि लक्षित योजनाहरु छुट्याई जिविकोपार्जनमा कार्यक्रमहरु बढाउनुपर्ने ।




**चालु आ.व. ०७७/०७८ को अर्धवार्षिकको प्रगति विवरण**

- हाल सम्म ४५ वटा योजनाहरुको सम्झौता भई २० वटा योजनाहरु सम्पन्न भई भूक्तानी भइसकेको ।
- अन्य योजनाहरु कार्यान्वयनको चरणमा रहेको ।
- फिल्ड प्राविधिकहरुलाई सम्बन्धित कामको जिम्मेवारी प्रदान गरि फिल्डमा खटाईएको ।

**स्वास्थ्य शाखा संयोजक श्री अण प्रशाद पौडेलले स्वास्थ्य शाखाले** आ.व. ०७६/०७७ मा भएका उपलब्धि तथा आ.व. ०७७/०७८ को अर्धवार्षिक ६ महिनामा भएका प्रगति विवरणहरु प्रस्तुती गर्नुभएको थियो ।

| पद | स्वीकृत दरबन्दी सङ्ख्या | पदपूर्ति | कार्यरत | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार (सरकारी) | करार (स्थानीय स्रोत) | |
| मे.अ. | | | | | | |
| हे.अ./सि.अ.हे.व. | | २ | २ | | | |
| स्टाफ नर्स | | १ | | | १ | कोभिड -१९ |
| अ.हे.व. | ६ | ८ | २ | ३ | ३ | |
| अ.न.मी. | ६ | ११ | २ | ३ | ७ | ६ आमा सुरक्षा |
| ल्या.टे./ल्या.अ. | | १ | | | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तथ्याङ्क/सूचना प्रविधिसम्बन्धी कर्मचारी | | | | | | |
| का.स. | | ५ | १ | | ४ | १ कोभिड - १९ |
| अन्य | | १ | | | | विद्यालय नर्स |
| जम्मा | | २९ | ७ | ६ | १६ | |

## स्वास्थ्य संस्थाको भौतिक पूर्वाधारको अवस्था

| क्र.सं. | सूचांक | अस्पताल | स्वा.चौ. | आ.स्वा.के./सा.स्वा.इ. |
|---|---|---|---|---|
| १ | आफ्नै स्वामित्वमा जग्गाधनी पूर्जा भएको स्वास्थ्य संस्था | | ३ | ४ |
| २ | स्वास्थ्य संस्थाको आफ्नै भवन भएको | | ३ | ४ |
| ३ | भवनको किसिम स्वास्थ्य मन्त्रालयको मापदण्डअनुसार भएको | | २ | ४ |
| ४ | स्वास्थ्य संस्थाको प्रसूति भवन भएको | | १ | |
| ५ | भएका प्रसूति केन्द्रमा प्लासेन्टा पिटको व्यवस्था भएको | | | |
| ६ | स्वास्थ्य संस्थाको कर्मचारी आवास भएको | | | |
| ७ | सेवाग्राही र सेवाप्रदायकलाई छुट्टाछुट्टै शौचालय भएको | | | |
| ८ | खानेपानीको नियमित उपलब्धता भएको | | ३ | ३ |
| ९ | टेलिफोन भएको | | ३ | |
| १० | विद्युत भएको | | ३ | ४ |
| ११ | सोलार ब्याकअप भएको | | १ | |
| १२ | कम्प्युटर वा ल्यापटप भएको | | ३ | ४ |

| | | | | |
|---|---|---|---|---|
| १३ | इन्टरनेट भएको | | १ | १ |
| १४ | एम्बुलेन्स सेवाको उपलब्धता भएको | | | |
| १५ | मोटरबाटोबाट सबैभन्दा टाढा रहेको स्वा.सं.सम्मको दुरी | | | |
| १६ | स्ट्रेचर उपलब्ध भएको | | | |
| १७ | स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन भएको | | ३ | ४ |

**हालको अवस्था, समस्या, चुनौती अवसर र चाल्नपर्ने कदम**

| **विषयहरु** | **हालको अवस्था** |
|---|---|
| आधारभूत स्वास्थ्यको पहुँच र गुणस्तर | टोल,बस्ती सम्म पुगेको ३० मिनेट देखि १ घण्टाको दुरीमा स्वास्थ्य सेवा |
| औषधी व्यवस्थापन | मापदण्ड अनसारका औषधीहरु पर्याप्त भएको |
| जनशक्ति व्यवस्थापन | स्थायी कर्मचारी नभएका कारण मौजद करार सेवामा जनशक्ति भर्ना गरिएको |
| स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार | निर्माणधीन ४ भवन र निर्माण हुने क्रममा १ वटा भवन |
| विभिन्न तहमा संचालन भएका अस्पतालहरुको सेवा | |
| बहुक्षेत्रिय समन्वय | विभिन्न NGO/INGO संग समन्वय |
| जनसंख्या व्यवस्थापन | विभिन्न तहमा संचालन भएका अस्पतालहरुको सेवा |

हालको अवस्थाको चनौती अवसर र चाल्नुपर्ने कदम

- Pandemic COVID – 19 का कारण स्वास्थ्य शाखाबाट सञ्चालन गर्नुपर्ने कुनैपनि कार्यक्रमहरु चलाउन नसकेको

COVID – 19 रोकथाम, नियन्त्रण तथा व्यवस्थापन

- कोषको स्थापना
- कोभिड १९ नियन्त्रण तथा व्यवस्थापन समिति
- राहत सहायत व्यवस्थापन
- नौकुण्ड प्रवेश गर्ने सबै नाकामा हेल्थ डेस्क संचालन गरी प्रत्येकमा २ जना स्वास्थ्यकर्मी र २ जना सुरक्षाकर्मी खटाईएको

- तत्काल १० शैयाको क्वारेन्टिन सुरु गरी ४० शैया सम्म पुऱ्याईएको
- हालसम्म ४७ जना दोस्रो तथा तेस्रो मुलुकबाट आएका व्यक्तिहरु राखिएको
- RDT र क्वारेन्टिनमा बसेका साथै अन्य व्यक्तिहरुको PCR Sample Collection गरेको
- गा.पा. बाट पोष्टर,ब्यनार,माईकिङको व्यवस्था गरिएको
- प्रत्येक वडाहरुले बन्दाबन्दीमा स्वयम सेवक नियुक्ती गरी खटाईएको
  प्रदेशको सहयोगमा संचालित स्वास्थ्य कार्यक्रमहरु

**प्रदेशको सहयोगमा संचालित स्वास्थ्य कार्यक्रमहरु**

- एक विद्यालय एक नर्स कार्यक्रम श्री निर्कुभूमे मा.वि. सरमथलीबाट सुरु
- महिला स्वास्थ्य स्वयम् सेविकालाई सञ्चार खर्च

**वडाको सहयोगमा संचालित स्वास्थ्य कार्यक्रमहरु**

- सुत्केरी महिलालाई अण्डा तथा नगद वितरण

**आवश्यक औजार उपकरण सम्बन्धी विवरण**

| ▪ उपकरणको नाम | ▪ आवश्यक परिणाम |
|---|---|
| ▪ Delivery Bed | ▪ पारच्याङ स्वास्थ्य चौकी र यार्सा स्वास्थ्य चौकीमा १/१ थान |
| ▪ Electronic Baby Succion Machine | ▪ पारच्याङ स्वास्थ्य चौकी र यार्सा स्वास्थ्य चौकीमा १/१ थान |
| ▪ Baby Warmer | ▪ पारच्याङ स्वास्थ्य चौकी १ थान |
| ▪ Delivery Set | ▪ पारच्याङ स्वास्थ्य चौकी र यार्सा स्वास्थ्य चौकीमा १/१ थान |

## स्वास्थ्य क्षेत्रमा गरिएको उत्कृष्ठ तथा नविनतम अभ्यास

- गरिएको कृयाकलाप :- संस्थागत सुत्केरी गराउन महिला स्वास्थ्य स्वयम सेविका र स्वास्थ्यकर्मीको हात सो कार्यक्रमका लागि गाउँपालिकाको साथ कार्यक्रम
- गरिएको स्थान :- नौकुण्ड गा.पा. मा रहेका सबै बर्थिङ सेन्टरबाट
- लक्षित समूह (लाभग्राही) :- गर्भवती तथा प्रसव महिला
- उपलब्धि तथा सिकाई :- संस्थागत सुत्केरीमा वृद्दि

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

आ.ब. २०७६/०७७ सालमा नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन तर्फ संघीय सरकार शसर्त अनुदान चालु खर्च जम्मा रु.४४००००० ।– अक्षरुपी चवालीस लाख मात्र छुट्याइएकोमा नौकुण्ड

गा.पा.अन्तरगत रहेको सम्पुर्ण वडा नं.१ देखि ६ सम्म निम्ननुसार बजेट बिनियोजित भई कार्यक्रम सम्पन्न भएको र सम्पुर्ण रकम निम्न बमोजिम खर्च भएको जानकारी गर्दछु ।

**जम्मा रु.४४,००,००० चवालीस लाख ।–नौकुण्ड भरी**

जम्मा खर्च भएको रकम रु. ७,३०,२२० ।

जम्मा लाभग्रही संख्या –२९ जना

**वडा नं. २**

जम्मा खर्च भएको रकम रु. ७,१२,४४० ।

जम्मा लाभग्रही स. ३१

**वडा नं. ३**

जम्मा खर्च भएको रकम रु. ७,४६,५२४ ।

जम्मा लाभग्रही स. २९ जना

**वडा नं. ४**

जम्मा खर्च भएको रकम रु. ७,१७,१६५ ।

जम्मा लाभग्रही स. ३० जना

**वडा नं. ५**

जम्मा खर्च भएको रकम रु. ७,२७,३३६ ।

जम्मा लाभग्रही स. २७

**वडा नं. ६**

जम्मा खर्च भएको रकम रु. ७,३७,८०९

जम्मा लाभग्रही स.३० जना

## प्रधानमन्त्री रोजगार कार्यक्रम २०७७/२०७८

आ.ब.२०७७/२०७८ सालमा संघीय सरकारबाट शर्सत अनदान चालु तर्फ नौकुण्ड गा.पा. मा प्राप्त रकम बिपन्न श्रमिकको ज्याला तथा रोजगार संयोजकको सेवा सूविधा,प्राविधिक सहायकको सेवा सुविधा साथै कार्यलय सच्चालन सुद्धढीकरण खर्च)गरी निम्नअनुसार बजेट विनियोजित भगको जानकारी गर्दछ ।

जम्मा बजेट विनियाजित र्कम रु ६३,००,०००/-(अक्षरुपी त्रिसठ्ठी लाख मात्र ।

रोजगार संयोजक तथा प्राविधिक सायकको सेवासूविधा जम्मा ८८६०००/

कार्यक्रम सच्चालन तथा रोजगार केन्द्रको सुद्धढीकरण र कार्यलय सच्चालन तथा सेवा सुविधा गरी जम्मा रु ११२५००० /

विपन्न श्रमिकको ज्याला (दैनिक रु५१७/-को दरले १००जनालाई १००दिनको जम्मा कुल रकम रु ५१७५०००/-(अक्षरुपी एकावन्न लाख पचहतर हजार मात्र । )

## कृषि शाखा

### परिचय

- उत्पादन प्रणालीसग सम्बन्धित अध्ययन विधा तथा प्रयोगात्मक विज्ञान
- कृषिको सम्बन्ध मानव जीवनको प्राणरक्षा सग सरोकाररित हन्छ
- बालीनाली, पशुपालन तथा फलफूलहरुको सिर्जना, उत्पादन, नवप्रवर्तन, विकास, अनुसन्धान गर्ने विज्ञान
- कृषि उम्पादनमा प्रभाव पार्ने तत्वहरु मैसम, प्राकृतिक प्रकोप, रासायनिक मल, सिचाई, कृषि उर्जा

### महत्व

- जनताको खाद्ययन्नको प्रमूख स्रोत
- कृषिमा आधारित उद्योगका लागि कच्चा पदार्थको प्रमख स्रोत
- विदेशी मूद्रा आर्जन गर्न निर्यातको प्रमूख स्रोत
- नेपाली जनतालाई सबैभन्दा बढी रोजगारी दिने प्रमूख क्षेत्र



### अवसरहरु

- नौकूण्डको भौगोलिक तथा जैविक विवविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरु
- विदेशिएका यूवाहरु सिप, ज्ञान, पूजी, र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हूदै जानू
- कृषि प्रति किसानहरुको आकर्षण बढ्नू
- संस्थागत तथा अन्य निजी क्षेत्रहरुसमेतको यस क्षेत्रमा आकर्षण बढ्दै जान
- कृषि ऋण कृषि बिमा, नया प्रविधिहरुको उपयोग र सिचाइ सूविधामा हूदै गरेको विस्तार समत यस क्षेत्रको अवसर ।

### बजेट खर्च

- नौकूण्ड गा.पा आ.व २०७६।०७७ मा जम्मा बजेट ५३५००००।
- शसत्त: अनूदान १०,०००००।
- जम्मा खर्च भएको रकम २२०००००।
- कोरोना कोषमा जम्मा गरिएको रकम ३१०००००।
- सशक्त बजेट खर्च हून जसकेको विविध कारणले गर्दा)

### वित्तिय प्रगति (आ.व २०७६।०७७_

- तरकारी फलफूल र साधान बालिहरु सम्बन्धी तालिम  ५ वटा
- पलाष्टिक टनेल वितरण ११६ वटा ५० प्रतिसत अनूदान
- ७५ प्रतिशत अनूदान ट्याकटर वितरण ५ वटा
- ७५ प्रतिशत कोदो चूट्ने मेसिन वितरण ३ वटा

- विषादी वितरण
- ७५ प्रतिशत अनुदानमा सेमि हाईटेक निर्माण २ वटा
- हिउदे विरुवा वितरण ७५ प्रतिशत अनुदान (किवि, ओखर, स्याऊ)
- Crop Cutting

**समस्या**

- समयमा कार्यक्रम संचालन नपाएर किसानहरुलाई आवश्यक पूरा गर्न सकिएन
- कोरोनाले गर्दा कार्यक्रम संचालनमा पूर्ण बाधा
- वर्षको अन्तिम अन्तिममा कार्यक्रम गर्नाले कूही कमजोरी सृजना
- वर्षायामका कारण पहिलो चौमासिक कार्यक्रम गर्न सकिएन
- प्र.प्र.अ सरुवा भएका कारण हालसम्म कोहि कार्यक्रम गर्न नसक्नू

**आ.व २०७७।०७८ को बजेट शिर्षक**

- ▶ नौकूण्ड गा.पा बाट जम्मा रकम रु ४०,२५०००।
- ▶ संघिय सरकारबाट जम्मा रकम रु १५०००००।
- ▶ प्रदेश सरकारबाट जम्मा रकम रु ५०००००।

**आ.व २०७७।७८ मा भएका कार्यक्रमहरु**

- ▶ Crop cutting धाममा गरिएको
- ▶ कृषि विकास शाखाको कूनै पनि कार्यक्रमहरु हून सकेको छैन

**निस्कर्ष**

संघ, प्रदेश र स्थानिय तह तथा सम्बन्धित सरोकारवाला सँगको समन्वय तथा सहकार्यमा कृषि सम्बन्धि नीति, कानुन तथा योजना निमर्ण गरि कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वको वद्धि गर्ने ।

## न्यायिक समिति

आ.व. २०७६।०७७

**१. मेलमिलापको माध्यामबाट निरुपण गर्न सकिने विवादहरुः**

क. कुटपिट सम्बन्धमा - ६ ओटा

ख. गाली बेइज्जती सम्बन्धमा - २ ओटा

ग. अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको सम्बन्धमा - १

निरुपण भएका विवादहरु - ९

**२.न्यायिक समितिबाट निरुपण भएका विवादहरुः**

क. ज्याला मजदुरी सम्बन्धमा - ७ ओटा

ख. अर्काको बाली नोक्सानी गरेको - १ ओटाब

ग. नाबालक छोराछोरी वा पतिपत्निलाई इज्जत आमत अनुसार खान लाउन वा शिक्षादिक्षा नदिएको -१

निरुपण भएका विवादहरु : ७ ओटा

**कार्यक्रमहरुः**

१.न्यायिक समिति,कर्मचारी,वडाध्यक्ष तथा मेलमिलापकर्ताहरुको पुर्नताजगी कार्यक्रम- रु १,००,०००।-

२.मेलमिलापकर्ताहरुलाई यातायात खर्च - १६,५००।-

३.न्यायिक समिति र सामुदायिक मेलमिलापकर्ताहरुको क्याप टोपी र ज्याकेट वितरण: ८९,९४८।-

**आ.व. २०७७०७८**

१.मेलमिलापको माध्यामबाट निरुपण गर्न सकिने विवादहरुः
क. पतिपत्नि बिचको सम्बन्ध विच्छेद -४ ओटाब
ख. गाली बेईज्जती - २ ओटा
ग. अर्काको हक भोगमा रहेको जग्गा आवाद बा भोगचलन गरेको -१
घ.ध्वनी प्रदुषण गरी फोहोर मैला फ्याकी छिमेकीलाई असर पुचाएको -१
निरुपण भएको विवादहरुः ९ ओटा

**२.न्यायिक समितिबाट निरुपण गर्न सकिने विवादहरुः**
क.ज्याला मजदुरी नदिएको- ६ ओटा
ख.अर्काको बाली नोक्सानी गरेको - १ ओटा
ग. कृषि कार्यक्रमबाट बञ्चित भएको बारे -१ ओटा
निरुपण भएका विवादहरु :७ ओटा

**पशुपक्ष सेवा शाखा २०७६।७७**

| क्र.म | विवरण | बजेट |
|---|---|---|
| १ | औषधि खरिद | ७,०००००। (१३ सय जना) |
| २ | बाखा पालन तालिम ३ ठाउमा | १०५०००। ( ९० जना कृषक) |
| ३ | हे साइलेज मिनिरल ब्लक बनाउने तालिम १ | ५०,०००। |
| ४ | पशु स्वास्थ्य सिबिर ३ ठाउमा | १,५०,०००। ( घर धुरी १८३) |
| ५ | घाँस बर्षे घाँसको बेर्ना वितरण १०० घर धुरी | ७०,०००। |
| ६ | इलेक्ट्रीक च्यापक वितरण २ वटा | १,००,०००। |
| ७ | कुखुरा पकेट क्षेत्र व्यवस्थापन (प्रिज १० वटा) | १,२३,०००। |
| ८ | बाखा गोठ सुधार कार्याक्रम १० वटा | ४,००,०००। (युवा लक्षीत) |
| १० | गाई भैसि गोठ प्रवर्धन कार्यक्रम | १,००,०००। |
| ११ | खोप कार्यक्रम (PPR , Swine, Swine flue, रानिखेत) | ६०,०००। |
| १२ | बाकिँ रकम कोरोना कोषमा | |

पशुपक्ष सेवा शाखा २०७७७८

| क्र.म | विवरण | बजेट |
|---|---|---|
| १ | रेविज दिवस र खोप कार्यक्रम | ५५,०००। |
| २ | जै घास वितरण कार्यक्रम | ८०,००० |

## शिक्षा शाखा

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | विनियोजित कुल रकम | खर्च भएको रकम | भौतिक लक्ष्य | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १३ | २.७.१३.१३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २६,१९,०००/- | २२,११,०००/- | | | |
| १४ | २.७.१३.२१५ | कार्यप्रगतिका आधारमा नमुना विद्यालयलाई पूर्वाधार विकास कार्यक्रमका लागि थप अनुदान | | | | | |
| १५ | २.७.१३.१७ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापन (शैक्षिक कार्यक्रम) | ६,६६,०००/- | ४,६२,२४४/- | | | |
| १६ | २.७.१३.२४ | अघिल्लो आर्थिक वर्षको क्रमागत ४ कोठे विद्यालय भवन निर्माण | | | | | |
| १७ | २.७.१३.२५ | कक्षा ११ को प्राविधिक धार प्रयोगशाला व्यवस्थापन | | | | | |
| १८ | २.७.१३.२६ | कक्षा ९ को प्राविधिक धार प्रयोगशाला व्यवस्थापन | | | | | |
| १९ | २.७.१३.२७ | विद्यालय भुकम्पीय सुरक्षा कार्यक्रम | | | | | |
| २० | २.७.१३.२८ | सिकाइ केन्द्र व्यवस्थापन खर्च | | | | | |
| २१ | २.७.१३.२९ | कक्षा ११ को प्राविधिक धार ल्याव, प्रतिविद्यार्थी लागत तथा प्रशिक्षक तलव भत्ता अनुदान | | | | | |
| २२ | १.१.१.७८ | COVID-१९ वाट भएको शैक्षिक क्षति न्युनीकरण तथा विद्यार्थीको सिकाइ प्रवर्द्धन कार्यक्रम | ३,०,०००/- | — | | | |
| २३ | २.७.१३.२१ | भुटानी शरणार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक र पाठ्यपुस्तक व्यवस्थापन अनुदान (शैक्षिक कार्यक्रम) | | | | | |
| | जम्मा | | | | | | |

सवैका लागि शिक्षा शिशु विकास कार्यक्रम (व.उ.शि.नं. ३५०००१०२)

| | क्रियाकलाप नं | क्रियाकलाप | विनियोजित कुल रकम | खर्च भएको रकम | भौतिक लक्ष्य | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २.७.१३.१४ | अभिभावक शिक्षा | | | | | |
| २ | २.७.१३.७ | किशोरी साक्षरता तथा जीवनोपयोगी सीप | | | | | |
| ३ | २.७.१३.१५ | प्रारम्भिक कक्षा सिकाइ तथा समावेशी शिक्षा कार्यक्रम | | | | | |
| ४ | २.७.१३.५ | लैङ्गिक सम्पर्क विन्दु तथा लैङ्गिक सञ्जाल तालिम एवम विद्यालयमा सुझाव पेटिका स्थापना | | | | | |
| ५ | २.७.१३.६ | सुरक्षित विद्यालय तथा विद्यालय शान्ति क्षेत्र | | | | | |
| ६ | २.७.१३.१२ | स्थानीय स्तरीय एकिकृत प्रारम्भिक वालविकास योजना कार्यशाला | | | | | |
| जम्मा | | | | | | | |

कार्यान्वयनका क्रममा तहाँवाट गरिएका असल अभ्यास भए उल्लेख गर्ने :

यस अवधिमा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या भए वुँदागत रुपमा उल्लेख गर्ने :

समाधानका लागि तहाँवाटै गरिएका प्रयासहरु भए वुँदागत रुपमा उल्लेख गर्ने :

आगामी वर्षको कार्यक्रमलाई थप प्रभांवकारी वनाउनका लागि सुझावहरु भए वुँदागत रुपमा उल्लेख गर्ने :

हस्ताक्षर :

पद : शिक्षा शाखा प्रमुख

माथि उल्लिखित प्रतिवेदनको फारम स्थानीय तह र शिक्षा विकास समन्वय इकाइको इमेल ठेगानामा पठाइएको छ । उक्त फारम Download गरी सफ्टकपी र प्रमाणित Hard Copy) education.interaction@gmail.com मा समेत पठाउनु हुन अनुरोध छ ।

प्रगति प्रतिवेदनको ढाँचा

महानगरपालिका /उपमहानगरपालिका/ नगरपालिका/गाउँपालिका

म.ले.प.फा.नं. २७५ को अनुसूची-७

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

आर्थिक बर्ष : २०७६/७७ को बार्षिक विवरण

| सि.नं. | ब.उ.शि.नं. | कार्यक्रम | विनियोजित कुल रकम | जम्मा खर्च | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३५०००१४ | सबैका लागि शिंक्षा आधारभूत शिक्षा | ५६३६४४६३.९२/- | ५२०८६२४१.६१ | ४२६६२३५.४९ | |
| २ | ३५०००१५ | शिक्षक तलब भत्ता (माध्यमिक तह) | ६३६६५४०.८८/- | ६३६६५४०.८८/- | | |
| ३ | ३५०००८०१ | विद्यालय क्षेत्र विकास कार्यक्रम -जिल्लास्तर | २२१६५०००/- | १६३८५४३१.२ | ५६६९६०७.८ | |
| ४ | ३५०००१०२ | सबैको लागि शिक्षा- शिशु विकास कार्यक्रम | | | | |

अनुसूची ११

प्रगति प्रतिवेदनको ढाँचा

नौकुण्ड महानगरपालिका /उपमहानगरपालिका/ नगरपालिका/गाउँपालिका

आर्थिक बर्ष : २०७६/७७ को बार्षिक प्रगति प्रतिवेदन

विद्यालय क्षेत्र विकास कार्यक्रम (जिल्लास्तर) र सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमको प्रगति विवरण

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | विनियोजित कुल रकम | खर्च भएको रकम | भौतिक लक्ष्य | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १.१.१.६७ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | ४५,१६,३०,०००/- | ४५,१६,५०,०००/- | | | |
| २ | १.१.१.७० | आधारभूत तथा माध्यमिक तहमा स्वीकृत दरवन्दी तथा अनुदानमा कार्यरत शिक्षकको थप तलब भत्ता | १,१६,२०,०००/- | ६६४,९६६६.२५/- | | | |
| ३ | १.१.३.४ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | ५,६५,९१,०००/- | ५,६५,९१,०००/- | | | |
| ४ | १.१.४.१ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ४८,०९,०००/- | ४८,०५,०००/- | | | |
| ५ | १.१.१.७६ | प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारीहरुका लागि पोशाक खर्च | ८,८५,०००/- | ६,४६,५६६.३६/- | | | |
| ६ | २.७.१३.८ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | ८,२०,०००/- | ६,१४,८००/- | | | |
| ७ | २.४.६.१ | सार्बजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १२,८८,०००/- | १२,८७,८६.८४/- | | | |
| ८ | ७.२.१.१ | सार्बजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | ६,९५,०००/- | ५,६६,०००/- | | | |
| ९ | २.७.१३.१० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १३,४०,०००/- | १२,८५,०००/- | | | |
| १० | २.७.१३.११ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | ६,००,०००/- | ३,८५,०००/- | | | |
| ११ | २.७.११.१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ६५९३०००/- | ५८८५७६५/- | | | |
| १२ | ११.१.२.१ | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | १६,००,०००/- | १३३४८२८/- | | | |

नौकुण्ड गाउपालिकामा कार्यरत गैर सरकारी संस्थाहरुले आफनो संस्था बाट भए, गरेका कार्यक्रमहरुको उपलब्धि,समन्वय,समस्या तथा गाउँपालिका संगको अपेक्षा का वारेमा विगत १ वर्ष को विस्तृत प्रतिवेदन सहित प्रस्तुत गरेका थिए ।

**पूर्णिमा कार्यक्रम :**

पूर्णिमा कार्यक्रमका योजना सल्लाहकार गेहेन्द्र बमले पूर्णिमा कार्यक्रमले गरेका कार्यक्रमहरुको वारेमा प्रस्तुती दिनुभएको थियो ।

सुरु मिति : २०७६ श्रावण  देखि हाल सम्म निरन्तर

- **पुर्णिमा कार्यक्रम अर्न्तगत ५ वटा क्षेत्र हरु रहेकोमा**

**क्षेत्र १.** पूर्नलाभ र पूर्ननिर्माणमा योजना,समन्वय र गा.पा को क्षमता अभिबृद्धि गर्ने ।

- गाउँपालिकाको क्षमता बिस्तार तथा अभिबृद्धि अर्न्तगत : १५ वटा बिभिन्न बिषयका कार्यबिधिहरु तयार जस्तै : अपांगता पुर्न स्थापना कोष,दलित सहायता कोष, गैसस अनुगमन,सार्वजनिक सुनुवाई लगायत, लैंगिक समानता तथा सामाजिक समावेशिकरण कार्यविधि, GESI आचार संहित युवा लक्षित कार्यक्रम कार्यान्वयन,स्वास्थ्य तथा सरसफाई कार्यविधिहरु लगायत अन्य कार्यविधिहरु
- संघिय तथा प्रदेश मन्त्रालयमा बिभिन्न शिर्षकमा प्रस्तावनाहरु तयार गर्नमा सहयोग जस्तै : पर्यटन बिकास, शर्शत अनुदान बिषयमा सहयोग,कृषि तथा स्वास्थ्य सेवा अर्न्तगत रणनितिक योजना का साथै बिभिन्न प्रतिवेदनहरु बनाउनमा सहयोग



- वार्षिक निति तथा कार्यक्रम तयार गर्नमा सहजीकरण
- संस्थागत स्वलेखाजोखा स्व मुल्याकंन कार्ययोजना कार्यपालिकाले पारित गरि लागु भईरहेको  (LISA) Local Government Self-Assessment
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परिक्षण) सम्पन्न तथा कार्ययोजना कार्यपालिकाले पारित गरि लागु भईरहेको
- राजश्व सुधार कार्ययोजना अध्ययनमा सहयोग साथै आवधिक योजना का साथै डिजिटल प्रोफाईल (पार्श्वचित्र) निर्माण सुरुवात चरणमा ।

**क्षेत्र २** : सहमती भएका प्राथमिकताप्राप्त भौतीक पूर्वाधार पूनःनिर्माण र्ने ।

- गत वर्ष ५ वटा खानेपानीका योजनाहरु पूनः र्निमाण गरि उपभोक्ताहरुलाई हस्तान्तरण
- टेण्डर डकुमेण्ट, का साथै ठेक्का मुल्यांकन, सम्झौतामा सहयोग ।

**सिडिसी नेपाल :**

सिडिसी नेपालका फिल्ड अफिसर किशोर कार्कीले पूर्णिमा कार्यक्रमको स्थानिय साझेदार संस्थाको रुपमा काम गरिरहेको सिडिसी नेपालले नौकुण्ड गाउँपालिकामा,गाउँपालिका संग को साभेदारीमा २ दिने स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न जुन कार्यक्रम बाट २१६ जना बिरामीहरुद्धारा सेवा प्राप्त,४ वटा  साना सिचाई कुलो निर्माण गरि समुदायलाई हस्तान्तरण ।

नौकुण्ड गाउँपालिकामा २५ गरिव घरपरिवारलाई आयआर्जन आर्थिक गतिविधिका कार्यक्रम अर्न्तगत नगद रु १५,००० (पन्ध्र हजार) का दरले सहयोग,४० घर परिवारलाई आर्थिक गतिविधि मार्फत आधुनिक कृषि प्रणाली अर्न्तगत टनेल सहयोग,अपांगता भएका २ जना व्यक्तिहरुलाई सहायता सामग्री हस्तान्तरण । तथा ३० अपांगता भएका परिवारहरुका लागि गा.पा तथा पूर्णिमा कार्यक्रम मार्फत जिविको पार्जनका लागि आर्थिक सहयोग कार्यक्रम ।

भूकम्प बाट प्रभावित ४२ वटा निर्माण सम्पन्न हुन नसकेका विपन्न घरहरुलाई प्राबिधिक नापजाचको आधारमा सहयोग  लगायतका कायक्रमहरुको वारेमा प्रकाश पार्नु भएको थियो ।

**बतास फाउण्डेसन :**

वतास फाउण्डेसनका लेईजन अफिसर आशिष लामा ले बिगत १ वर्ष देखि वतास फाउण्डेसनले गरेका कार्यक्रमहरु, कोभिड प्रभावित घरघुरीहरुलाई गाउँपालिका संग तथा सम्बन्धित वडा संगको समन्वयमा राहातका प्याकेज, लगायत अन्य कृषि तथा आय आर्जन क्रियाकलापहरुमा स्थानिय वासिन्दाहरुलाई सहयोग गरेको प्रस्तुतिकरण गर्नु भएको थियो ।

ईस्लामिक रिलिफ वर्ल्डवाइड अस्ट्रेलियाको आर्थिक सहयोग, ईस्लामिक रिलिफ नेपालको प्रविधिक सहयोग तथा बतास फाउन्डेसनको कार्यान्वय तथा नौकुण्ड गा.पा. सँगको सहकार्यमा त्यस नौकुण्ड गाउँपालिकाको वार्ड न. ३,४ र ५ मा सुरक्षित, स्वस्थ्य र अघिक लचिलो समुदाय परियोजना रसुवा जिल्लामा संचालन भएको छ ।

नौकुण्ड गा.पा. वाड नं ३,४ र ५ का भुकम्प प्रभावित बासिन्दाहरुलाई सुरक्षित, स्वस्थ्य र अघिक लचिलो बनाउने उद्देश्यले खानेपानी तथा सरसफाइ, जिविकापार्जन तथा शिक्षा कार्यकम संचालन भएको छ । यसै  २०७६/७७ आर्थिक वर्षमा  यस गाउपालिकामा निम्न लिखित कार्यकमहरु यस परियोजना अन्तगत स्थानिय तहको समन्वयमा संचालन भएको छ । उपलब्ध पानीको स्रोतको सर्बेक्षण तथा विस्तृत योजना तयार,खानेपानी आपूर्ति योजना पुनरस्थापना,पानी प्रयोगकर्ता ब्यवस्थापन समिति बनाउनुको साथै उपभोक्त समिति लाई मर्मत सम्भार सम्बन्धि तालिम आधारभूत सर्बेक्षण, सरसफाई लगायतका कार्यक्रमहरु संचालन गरिरहेको छ ।